महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

(डोर मुकाम, धनकुटा)

अछावे

पत्र संख्या:- २०७४।७५
च.नं.:- ८९

मिति:- २०७४।८।१३

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
धनकुटा नगरपालिका, धनकुटा ।

धनकुटा नगरपालिका कार्यालय
दर्ता नं. ९२८०
मिति २०७४।८।१९

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस नगरपालिकाको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।८।१२ मा छलफल पश्चात् तयार गरिएको पाना १२ (वाह्र) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(सुरेश शर्मा)
निर्देशक

बोधार्थ तथा कार्यार्थ:

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं:- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
धनकुटा :- प्रतिवेदन संलग्न छ ।

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थान: धनकुटा नगरपालिका, धनकुटा		नाम	कार्यरत अवधि		बेरुजू रकम
			देखि	सम्म	
	कार्यालय प्रमुख:	तिर्थ प्रसाद धिताल	२०७३ श्रावण	२०७४ आषाढ	३४९८८१४.१६
	लेखा प्रमुख	केशव कुमार श्रेष्ठ	२०७३ श्रावण	२०७४ आषाढ	

धनकुटा नगरपालिकाको आ.ब. २०७३/०७४ को आर्थिक कारोवारको स्थिति

विनियोजन तर्फ :

सि.नं.	वजेट उप शिर्षक नम्वर	गत वर्षको जिम्मेवारी	यस बर्षको आय	कुल आय	कुल खर्च	बाँकी	पेश्की बाँकी
१	नगरपालिका कोष	१९२२७६०१.०६	६५७०९७३२.९०	८४९३७३३३.९६	६३२८०७२७.१७	२१६५६६०६.७९	१५००००.००
२	केन्द्रीय अनुदान तर्फ	०.००	१५०७८०३५६.००	१५०७८०३५६.००	१२८४२०९१८.५६	२२३५९४३७.४४	१५५०००.००
३	धरौटी	७९४४१३६.६६	३७३३६२९.५५	११६७७७६६.२१	४३११४३८.३६	७३६६३२७.८५	
४	**जम्मा**	**२७१७१७३७.७२**	**२२०२२३७१८.४५**	**२४७३९५४५६.१७**	**१९६०१३०८४.०९**	**५१३८२३७२.०८**	**३०५०००.००**

कुल बांकी रकम रु.५,१३,८२,५७२।०८ मध्ये संचित कोष खातामा रु.४,०५,४२,९८३।६९, धरौटी खातामा रु ७३,६६,३२७८ बांकी रकम रु.३४,७३,०६०।५४ बिभिन्न कोषहरुमा रहेको छ।

(क) धनकुटा नगरपालिका कोष तर्फको आय व्ययको स्थिति

सि.नं.	कार्यक्रमको नाम	गत वर्षको जिम्मेवारी	यस बर्षको आय	जम्मा आय	कुल खर्च	बाँकी	पेश्की बाँकी
१	आन्तरिक आय	५५७०३३८.५५	२०७६३७००.५२	२६३३४०३९.०७	१३०९५२०८.५२	१३२३८८३०.५५	१५००००.००
२	राजश्व वांडफांड	१७६७३०२.९२	२८०९८०२.००	४५७७१०४.९२	४५७७१०४.९२	०.००	
३	स्वास्थ्य कार्यक्रम	२८७३४६५.००	६०००००.००	३४७३४६५.००	४४२०००.००	३०३१४६५.००	
४	लागत सहभागिता	५००००.००	५९६१०४०.००	६०११०४०.००	६०११०४०.००	०.००	
५	कर्मचारी कल्याण कोष	२७१३१३२.०६	२००००००.००	४७१३१३२.०६	३६४३९८०.७५	१०६९१५१.३१	
६	मानव ससाधन विकास कोष	३३४०.००	०.००	३३४०.००	०.००	३३४०.००	
७	जांचपास तथा फरफारक कोष	३७०३६०.०२	०.००	३७०३६०.०२	०.००	३७०३६०.०२	
८	वातावरण कोष	२७४४२६०.२७	४१७१०६४.५६	६९१५३२४.८३	६६२६८६२.२८	२८८४६२.५५	
९	प्रकोप व्यवस्थापन कोष	७२८००२.२८	१३०००.००	७४१००२.२८	१०८४३६.२५	६३२५६६.०३	
१०	मर्मत सम्भार कोष	१६२८५४.०५	११६१६३९०.८२	११७७९२४४.८७	१०६७००६४.२४	११०९१८०.६३	
११	कन्टिजेन्सी कोष	२२४४५४५.९१	२०.००	२२४४५६५.९१	२२४४५६५.९१	०.००	
१२	सडक बोर्ड नेपाल	०.००	८८५६५५६.००	८८५६५५६.००	८८५६५५६.००	०.००	
१३	जि.बि.स. धनकुटा	०.००	४३५८८३०.००	४३५८८३०.००	३९९९१६४.८८	३५९६६५.१२	
१३	शहरी बिकास तथा भवन निर्माण बिभाग	०.००	६९९९४०.००	६९९९४०.००	६९९९४०.००	०.००	
१४	नगर बिकास कोष	०.००	३८५९३८९.००	३८५९३८९.००	२३०५८०३.४२	१५५३५८५.५८	
१५	दोहोरो आय/खर्च समायोजन	०.००	१७५३६८०५.३६	०.००	०.००	०.००	
	कोषहरुको जम्मा	**१९२२७६०१.०६**	**६५७०९७३२.९०**	**८४९३७३३३.९६**	**६३२८०७२७.१७**	**२१६५६६०६.७९**	१५००००.००
१६	धरौटी खाता	७९४४१३६.६६	३७३३६२९.५५	११६७७७६६.२१	४३११४३८.३६	७३६६३२७.८५	०.००
	कुल जम्मा	**२७१७१७३७.७२**	**६९४४३३६२.४५**	**९६६१५१००.१७**	**६७५९२१६५.५३**	**२९०२२९३४.६४**	**१५००००.००**

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

कार्यालयको नाम: धनकुटा नगरपालिका, धनकुटा — आर्थिक वर्ष: २०७३।७४

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	लेखापरीक्षणको क्रममा करदाखिला वापत रु.१३,५००।- र वढी भुक्तानी भएको रु.२६,४२९।- समेत रु.३९,९२९।- असुली भै सम्बन्धित खातामा दाखिला भएको प्रमाण पेश भएको छ ।
१.	आर्थिक कार्याविधि नियमावली, २०६४ वमोजिम चौमासिक प्रगति देखिने गरी कार्य तालिका वनाई लक्ष्य वमोजिम प्रगति हुने गरी कार्य गर्नुपर्दछ । कार्यालयले राष्ट्रिय योजना आयोगवाट तोकिएको ढांचामा प्रगति विवरण तयार गरेको छैन । तापनि कार्यालयले पेश गरेको प्रगति विवरणवाट नमूना छनौटको आधारमा फाईल परिक्षण गर्दा निम्नानुसार प्रगति भएको देखिन आयो ।

सि.नं.	कामको विवरण	प्रगति प्रतिशत	कैफियत
१	चुलिवन पर्यटन पूर्वाधार विकास कार्य	४८.२	उपभोक्ता समितिवाट सम्झौता अनुसार कार्य नभएको,
२	कागते पारिपात्ले थानी हुँदै गठीटार सडक	८६.८७	" " "
३	नगरपालिका कार्यालय, तला थप	६०.०७	निर्माण व्यवसायीवाट कार्य तालिका वमोजिम कार्य नगरेको,

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	उपभोक्ता समितिले सम्झौता अनुसार कार्य नगरेको तथा निर्माण व्यवसायीले कार्य तालिका वमोजिम कार्य नगरेको कारण योजना सम्पन्न नहुंदा आगामी आर्थिक वर्षमा उक्त कार्यको निरन्तरताको लागि वजेट सुनिश्चितता नभई योजना अधुरो रहन सक्ने हुंदा सम्झौता अनुसारको कार्य गर्ने गराउने तर्फ सम्बद्धपक्षको ध्यान जानु पर्ने देखिन्छ ।
२.	**अवण्डा:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार परिषद्वाट योजनागत वजेट वांडफांड गर्नुपर्ने र वजेट अवण्डामा राख्न नपाइने उल्लेख छ । नगरपरिषद्ले अन्य विकास निर्माणका कार्य गर्ने उल्लेख गरी रु.१,०९,००,०००।- अवण्डा राखी यो वर्ष उक्त शिर्षकवाट विभिन्न योजनाहरुमा रु.९०,१०,४०५।२२ खर्च गरेको पाइयो । अवण्डा राखी खर्च गर्दा योजना छनौट चरणवाट आवश्यकताको आधारमा जनस्तरवाट माग भएका योजना कार्यान्वयन नभई पहुंच र दवावको आधारमा योजना छनौट भई खर्च हुने देखिंदा नगरपरिषद्वाट योजना छनौटचरण पार गरेका प्राथमिकता प्राप्त योजनाहरुको छनौट तथा वजेट व्यवस्था गरी कार्यान्वयन गर्न सम्बद्धपक्षले ध्यान दिनुपर्दछ ।
३.	**कर दाखिला:** कट्टी गरेको कर समयमै दाखिला हुनु पर्दछ । कार्यालयले २०७३ श्रावण देखि २०७३ फागुनसम्म कट्टी गरेको अग्रिम कर रु.२,९३,७०८।९८ मिति २०७४।१।२६ मा दाखिला गरेको छ । आयकर ऐन तथा नियमावलीले तोके वमोजिमको समय भित्र कर दाखिला हुनुपर्दछ ।
४.	**सम्पत्ती हस्तान्तरण :**
४.१.	स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ती, दायित्व तथा अभिलेख त्यसरी कायम

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	भएका गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारको २०७१।८।१६ को निर्णय अनुसार साविक वेलहरा र भिरगाउं गा.वि.स. यस नगरपालिकामा गाभिएकोमा ती गा.वि.स.को सम्पत्ति हस्तान्तरण भएको अभिलेखवाट देखिदैन । आर्थिक वर्ष २०६९।७० को (२०७०।७१ र २०७१।७२ को लेखापरीक्षण प्रतिवेदन उपलव्ध नभएको) लेखापरीक्षण प्रतिवेदन अनुसार भिरगाउं गा.वि.स.मा कम्प्यूटर, सि.डि.एम.ए फोन सहित १९ आईटमका रु. १५,८७,१५०।- र वेलहरा गा.वि.स.को आर्थिक वर्ष २०७१।७२ को लेखापरीक्षण प्रतिवेदन अनुसार कम्प्यूटर, डिजिटल क्यामरा, मोवाइल फोन लगायतका ३८ आइटम मध्ये २५ आइटमको मूल्य खुलेको रु.३,६३,६३३।- लेखापरीक्षण अवधी २०७४ मार्ग १० भित्र यस नगरपालिकामा रहेको जिन्सी सम्पत्ती नगरपालिकाको नाममा हस्तान्तरण भएको पाइएन । सम्पत्ती हस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश वमोजिम नगरपालिकाले साविक गाउं विकास समितिले उपलव्ध गराएका विवरणवाट देखिएका जिन्सी सामानहरु र सो विवरणमा उल्लेख नभएका सम्पत्ती भए सो समेत एकिन गरी स्वामित्वमा लिनुपर्ने देखिन्छ ।
४.२.	स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ८१ मा गाउपालिका वा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भइ आएका स्थानीय स्तरका कार्यालयहरु संरचना चल अचल सम्पत्ती संरचना (कृषि पशु सेवा केन्द्र, उप केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, आर्युवेद औषधालय, शिक्षा स्रोत केन्द्र, सामुदायिक सिकाई केन्द्र, सामूदायिक सूचना केन्द्र, सामुदायिक पुस्तकालय सामुदायिक भवन, सरकारी वृद्धाश्रम, खेलकुद सम्वद्ध) सरकारी संरचना विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजनाहरु आदि गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ती, आयोजना लगायतका संरचनाहरु को लगत तयार गरी यस नगरपालिकाले सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम गाउपालिकाले यस्ता सम्पत्तीको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।
५.	**आन्तरिक नियन्त्रण प्रणाली-** कुनैपनि कार्यालयले आफूले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गनुंपदंछ । जसलाई स्थानीय स्वायत्त शासन ऐन, नियमावली र आर्थिक कार्यविधि नियमावलीले समेत व्याख्या गरेको छ । लेखापरीक्षणको क्रममा कायांलयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकनमा समावेश गरिएको व्यहोराहरु निम्नानुसार छन् :

कार्यालयको नाम: धनकुटा नगरपालिका, धनकुटा

आर्थिक वर्ष: २०७३।७४

दफा नं.	भौ.नं., मिति र व्यहोरा	

सि.नं	विवरण	कैफियत
१	वार्षिक खरिद योजना बनाएको	छैन ।
२	स्पेसिफिकेशन अनुसार सामग्री समयमा नै प्राप्त गरेको	स्पेसिफिकेशन अनुसार सामाग्री प्राप्त गरेको उल्लेख भए तापनि जिन्सी खातामा आम्दानी गर्दा पूर्ण रुपमा स्पेसिफिकेशन खुलाउने नगरेको।
३	मूल्य नखुलेका पूराना सामानको मूल्य कायम गराई राखेको	अन्यत्रबाट हस्तान्तरण भै आएका साथै पूराना सामानहरुको मूल्य नखुलेको ।
४	कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको	छैन ।
५	चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा म.ले.फा.नं.२ मा अभिलेख राखेको	छैन ।
६	कार्यालयले अनुगमन अभिलेख राखेको	छैन ।
७	स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४ को नियम ६२(१) वमोजिम आवधिक गुरु योजना तयार	छैन ।
८	नगरपालिकाको लेखा प्रोद्भावी नभई नगदमा आधारित भएकोले सम्पत्ति मूल्यांकन हुन नसक्ने	प्रोद्भावी लेखा प्रणाली अपनाएको छैन ।
९	आन्तरिक नियन्त्रण कार्यविधि तयारी गरी लागु गरेको	छैन ।
१०	स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४ को नियम (११५) १ वमोजिम उपभोक्ता समूहको वर्गिकरण र सूचिकरण गरेको	छैन ।
११	स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कायविधि २०६९ को २९(२) वमोजिम योजना हस्तान्तरण गरेको	छैन ।
१२	उपभोक्ता समितिको योजना खाता राख्नुपर्नेमा	राखेको छैन ।
१३	स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४ को नियम २०४(१) वमोजिम लेखापरीक्षण प्रतिवेदन कायांन्वयन	आंसिक गरेको छ ।
१४	उपभोक्तावाट गरिने कामको प्रकृति र लागत खुलाई सूचना सार्वजनिक गर्नुपर्नेमा ।	गरेको छैन ।
१५	सार्वजनिक लेखा समितिको सुझाव कार्यान्वयन	सुझाव प्राप्त नगरेको र कार्यान्वयन पनि नभएको अभिलेखवाट देखिएको ।
१६	समयमा पेश्की फछ्र्यौट हुने गरे/नगरेको	समयमा पेश्की फछ्र्यौट नगरेकोले गतविगतको पेश्की बांकी रहेको ।

कार्यालयको नाम: धनकुटा नगरपालिका, धनकुटा   आर्थिक वर्ष: २०७३।७४

दफा नं.	भौ.नं., मिति र व्यहोरा

१७	म.ले.प.फा.नं. २११ तयार गरी तालुक कार्यालयमा पठाएको	छैन ।
१८	स्थानीय निकाय आ.प्र.नियमावली, २०६४ को नियम ६० मा उल्लेखित अनुसूचीहरु कार्यान्वयन भएको	आंशिक ।
१९	खरिद सम्बन्धी अभिलेख राख्ने प्रयोजनको लागि खरिद प्रकृति अनुसार आपूर्तिकर्ता निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायक र गैह्र सरकारी संस्था समेतको आवश्यक योग्यता तयारी गरी सूचिकृत गर्नुपर्ने	खरिदमा उक्त प्रक्रिया अवलम्वन गरेको छैन ।

६. **आन्तरिक लेखापरीक्षण:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार नगरपालिकाको आन्तरिक लेखापरीक्षण प्रत्येक चौमासिक अवधि समाप्त भएको १ माहिना भित्र तयार गर्नुपर्ने उल्लेख भएकोमा यस नगरपालिकाको आन्तरिक लेखापरीक्षण नगरपालिकाकै आन्तरिक लेखापरीक्षण शाखावाट चौमासिक रुपमा गर्ने गरेको जनाएतापनि प्रतिवेदन वार्षिक रुपमा गर्ने गरेको पाइयो । आन्तरिक नियन्त्रण प्रभावकारी वनाउन तोकिएको अवधीमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन गर्नुपर्ने देखिन्छ ।

७. **विशेष कोष विनियमावली:** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४६ मा नगरपालिकाले आर्थिक प्रशासन नियमावालीको नियम ३३ मा व्यवस्था भए वमोजिम सम्बन्धित परिषद्वाट कोष संचालन सम्बन्धी विनिमय स्वीकृत गराई विशेष कोष स्थापना गर्न सक्ने उल्लेख छ । सोही दफाको उपदफा २ मा कोषमा रकम जम्मा गर्ने व्यवस्था छ भने उपदफा ३ मा कोषको उद्देश्यसंग सम्बनिधत कार्यमा मात्र खर्च गर्नुपर्ने र उपदफा ४ मा कोषको उद्देश्य प्राप्ती वाहेक अन्य प्रयोजन वा आर्थिक सहायता, अनुदान वा चन्दा पुरस्कार जस्ता वितरणमुखी कार्यमा खर्च गर्न पाइने छैन भन्ने उल्लेख छ । नगरपालिकाले यो वर्ष विशेष कोष संचालन सम्बन्धी विनियमावली वेगर निम्नानुसार आम्दानी खर्च गरेको पाइयो ।

सि.नं	विशेष कोषको नाम	गतको मौज्दात समेत जम्मा आम्दानी	यो वर्ष खर्च	बांकी
१	प्रकोप व्यवस्थापन कोष	७४१००२.२८	१०८४३६.२५	६३२५६६.०३
२	कर्मचारी कल्याण कोष	४७१३१३२.०६	३६४३९८०.७५	१०६९१५१.०३
३	मर्मत सम्भार कोष	११७७९२४४.८७	१०६७००६४.२४	११०९१८०.६३
४	वातावरण कोष	६९१५३२४.८३	६६२६८६२.२८	२८८४६२.५५

नगरपालिकाले नगर परीषद्वाट विनियमावली स्वीकृत नगराई विशेष कोषमा रकम जम्मा तथा खर्च गरेको कारण कार्यविधि अनुसार आम्दानी खर्च गरेको छैन । यसले गर्दा यस्ता कोषवाट योजना छनौट तथा खर्च पारदर्शिता, मितव्ययितामा असर पर्ने देखिंदा कार्यविधि वमोजिमको विनियमावली वनाई विशेष कोष स्थापनाको उद्देश्य वमोजिम हुने गरी आम्दानी खर्च हुनु पर्दछ ।

८. **जाँचपास फरक फरक कोष:** स्थानीय निकायहरुको विशेष कोषहरुको स्थापना स्थानीय स्वायत्त शासन ऐन तथा नियममा उल्लेख गरे वमोजिम हुन पर्नेमा नगरपालिकामा स्वायत्त शासन ऐन

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	नियममा नभएको जाँचपास तथा फरक फरक कोष खडा गरी रु.३,७०,३६०।०२ संचित देखिएको छ । उक्त संचित रकम कुन कुन योजनाको फरफारकको लागी हो खुल्ने विवरण संलग्न गरेको छैन । नियमानुसार कोष स्थापना र जाँचपास संचालन हुनु पर्ने देखिन्छ । साथै नामनामेसी खुल्ने विवरण संलग्न गरी प्रयोजन समाप्त भै सकेको अवस्थामा सम्बन्धितले फिर्ता लिन आएमा फिर्ता वा फिर्ता लिन नआएकोमा नगरपालिकाको संचित कोष दाखिला हुनुपर्ने देखिन्छ ।
९.	**लागत अनुमान वेगर खरीदः** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार रु.१ लाख भन्दा वढीको खरिदमा लागत अनुमान तयार गर्ने उल्लेख भएकोमा कार्यालयले रु.१ लाख भन्दा वढीको फर्निचर तथा कम्प्यूटर खरिदमा लागत अनुमान वेगर टुक्रा गरी खरिद गरेको पाइयो । आवश्यकताको पहिचान गरी खरिद योजना वनाई नियमानुसार लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपले खरिद हुने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
९.१.	**लागत अनुमान टुक्राः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन अर्न्तगत वनेको नियम वमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुंदैन भन्ने उल्लेख छ । तर कार्यालयले यो वर्ष विभिन्न २१ वटा दरभाउपत्रवाट रु.९८,०६,५५८।- को लागत अनुमान तयार गरी निर्माण कार्य गरेको छ । सो मध्ये निम्नानुसार रु.२६,०७,३९०।- का कार्य खुला वोलपत्रको माध्यमवाट खरिद गर्न सकिनेमा सो नगरी लागत अनुमान टुक्रा पारी सिधै खरिद गरेको छ ।

सि.नं	योजना	निर्माण व्यवसायी	लागत अनुमान	सम्झौता मिति	भुक्तानी रु.
१	कार्यालय भवनमा मर्मत तथा रंगरोगन	किसन निर्माण सेवा	४९९९५३.००	२०७३/१२/२१	४९९३५९.००
२	कार्यालयमा इन्टरलिंक विछ्याउने कार्य	त्रिमुर्ति निर्माण सेवा	४९९५९०.००	२०७३.१२.२२	४९८६००.००
३	कार्यालय भवन रंगरोगन तथा मर्मत	दिप निर्माण सेवा	४९९९५२.००	२०७३/११/२६	४९८७१०.००
४	कार्यालय अगाडी ग्यारेज छेउमा सडक ढलान कार्य	रानीवन निर्माण सेवा	११४१५१.००	२०७३.८.२	११४१४०.००
५	कार्यालय रंगरोगन तथा सेड निर्माण	वि.वि.कन्स्ट्क्सन	४९९६८८.००	२०७३/८/२	४९९१४३.००
६	कार्यालय भवन अगाडी टेवा पर्खाल	काष्यप निर्माण सेवा	४९७४५८.००	२०७३.८.२	४९७४३८.००
	जम्मा:				२६०७३९०.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा
१०.	**मोटरसाईकल खरिदः** कार्यालयले यस वर्ष ४ थान मोटरसाईकल खरिद वापत निम्न फर्महरुलाई रु.९,८४,५०५।- खर्च लेखेको पाइयो । उक्त मोटरसाईकल खरिद गर्दा वार्षिक आवश्यकता पहिचान गरी नियमानुसार स्पेसिफिकेशन तथा लागत अनुमान तयार नगरेको र प्रतिस्पर्धा समेत नगरी सोझै फर्महरुवाट खरिद गरेको पाइयो । स्पेसिफिकेशन तथा लागत अनुमान तयार नगरी प्रतिस्पर्धा वेगर सोझै खरिद गरेको रु.९,८४,५०५।- नियमित हुनु पर्ने रु- ९,८४,५०५.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	<table><tr><th>भौ.नं.मिति</th><th>फर्म</th><th>मोटरसाईकल थान</th><th>रकम</th></tr><tr><td>३१३-२०७३/३/३०</td><td>तिरुपति अटो सिटी</td><td></td><td>२६७९००.००</td></tr><tr><td>१०३-२०७४/२/१०</td><td>नवदुर्गा प्यालेस</td><td></td><td>४९७८००.००</td></tr><tr><td>३७-२०७४/७/२५</td><td>तिरुपति अटो सिटी</td><td></td><td>२१८८०५.००</td></tr><tr><td></td><td>जम्माः</td><td></td><td>९८४५०५.००</td></tr></table>
११.	**सि.एफ.एल.वल्व खरिदः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम खरिद भएको सामानहरु स्टोर दाखिला हुनुपर्नेमा नगरपालिकाले के.सी इलेक्ट्रीक धरानवाट विभिन्न मितिमा रु.३,२९,९६०।- को वल्व खरिद गरेकोमा जिन्सी दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिलाको प्रमाण पेश हुनुपर्ने रु- ३,२९,९६०।-
१२.	**Day work र प्रोभिजनलसमः** डे.वर्क र प्रोभिजनलसमको भुक्तानी गर्दा वास्तविक खर्च (as per actual) का आधारमा भुक्तानी हुनु पर्दछ। कार्यालयले साप्ताहिक हटिया हिले १ को निर्माण वापत विरुवा कन्स्ट्रक्सनलाई अन्तिम विल भुक्तानी गर्दा डे.वर्कमा काम लगाउने आदेश तथा प्रमाणीत डोर हाजिर वेगर आइटम एफ अर्न्तगत डे.वर्कमा रु.२०,९७०।- र आइटम जी मा प्रोभिजनलसम अर्न्तगत Enviroment mitigiation work अर्न्तगत खरिद आदेश तथा विल वेगर फोहोर संकलन गर्ने भांडाहरु खरिद वापत रु.५०,०००।- वातावरण सचेतना कार्य वापत रु.३०,०००।- र वातावरणीय असर न्यूनिकरण कार्य वापत रु.३,७५,०००।- गरी रु.४,५५,०००।- समेत कूल रु.४,७५,९७०।- भुक्तानी गरेको पाइयो। खर्च पुष्ट्याई हुने विल भरपाई तथा कार्यादेश संलग्न नगरी प्राविधिक मूल्यांकनका आधारमा भुक्तानी गर्दा उक्त खर्च वास्तविक खर्च हो भनी एकिन गर्न सकिएन। वास्तविक खर्च प्रमाणीत हुने विल भरपाई वेगर भुक्तानी हुंदा रु.४,७५,९७०।- आयोजना लागत वढ्न गई वढी व्ययभार पर्न जाने देखिएकोले उक्त आइटमहरुमा भएको भुक्तानी रु.४,७५,९७०।- मा मू.अ.कर थप रु.६१,८७६।१० समेत रु.५,३७,८४६।१६ सम्बन्धितवाट असुल हुनुपर्ने रु- ५,३७,८४६.१६
१३.	**प्रतिवेदनः** सम्झौता अनुसार कार्य सम्पन्न प्रतिवेदन संलग्न गरेर मात्र भुक्तानी हुनुपर्नेमा कार्यालय भवन निर्माणको लागि माटो परिक्षण गरे वापत परामर्शदाता विश्व कन्सल्ट प्रा.लि. डिल्लीवजारलाई मू.अ.कर समेत रु.१,५०,०००।- भुक्तानी गरेकोमा माटो परिक्षण गरेको प्रतिवेदन पेश गरेको छैन। सम्वन्धित परामर्शदातावाट भएको कामको प्रतिवेदन (रिपोर्ट) पेश गर्नु पर्ने अन्यथा सम्बन्धितवाट असुल गर्नुपर्ने रु- १,५०,०००.००
१४.	**जिन्सी व्यवस्थापनः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद १० मा जिन्सीको लगत तथा सोको संरक्षण र लिलाम सम्बन्धी व्यवस्था छ। कार्यालयको जिन्सी व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसारछन्:
१४.१.	**जिन्सी लगतः** स्थानीय निकायमा खरिद हस्तान्तरण वा जुनसुकै स्रोतवाट प्राप्त भएका जिन्सी सामानहरु ७ दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक राख्नु पर्ने उल्लेख भएकोमा नगरपालिकाले चालु वर्ष खरिद भएका खर्च भएर नजाने वाहेक अन्य सामाग्रीहरुको लगत राखेको

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	छैन । गतविगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत जिन्सी व्यवस्थापन सम्बन्धमा सुधार गरिनुपर्ने भन्ने उल्लेख भएकोमा स्थिति यथावत रहेको छ ।
१४.२.	जिन्सी निरीक्षण गराई प्रतिवेदन लिने तथा वार्षिक मौज्दात विवरण तयार गरी सम्बन्धित निकायहरुमा पठाउने व्यवस्था हुनुपर्नेमा यस नगरपालिकाले जिन्सी निरीक्षण गराई प्रतिवेदन लिने गरेको अभिलेखवाट देखिएन । जसले गर्दा व्यक्तिगत प्रयोगमा आउने सामाग्री खरिद हुन सक्ने, कार्यालयमा जिन्सी सामाग्री हराउने, चोरिने तथा मर्मत तथा लिलाम गर्नुपर्ने सामानहरु छुट्याउन नसकिंदा समग्र जिन्सी व्यवस्थापनमा असर पर्ने देखिन्छ । तसर्थ जिन्सी व्यवस्थापन चुस्त वनाउन जिन्सी निरीक्षण तथा वार्षिक प्रतिवेदन तयार गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।
१४.३.	स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सम्पूर्ण सार्वजनिक जग्गाको विवरण राख्नु पर्नेमा राखेको देखिदैन । नियमानुसार सार्वजनिक जग्गाको अभिलेख राख्नुपर्ने देखिन्छ ।
१५.	**प्रशासनिक खर्चः** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ३४ वमोजिम नगरपालिकाले स्वीकृत वजेटको परिधि भित्र रही ऐन वमोजिम कर, सेवाशुल्क, शुल्क, दस्तुर र भाडावाट उठाएको परिधि भित्र रही ऐन वमोजिम कर, शुल्क, सेवाशुल्क, दस्तुर भाडावाट उठाएको कूल रकमको २५ लाखसम्म आन्तरिक आम्दानी हुने नगरपालिकाले अधिकतम ६० प्रतिशत, २५ देखि ५० लाखसम्म आम्दानी हुने नगरपालिकाले अधिकृतम ४० प्रतिशत, ५० देखि १ करोडसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम ३० प्रतिशत र १ करोड भन्दा वढी आम्दानी हुने नगरपालिकाले २५ प्रतिशत भन्दा वढी प्रशासनिक कार्यमा खर्च गर्न पाइने छैन भन्ने उल्लेख छ । कार्यालयले यो वर्ष कर, शुल्क, सेवाशुल्क, दस्तुर र भाडावाट रु.१,९७,६४,८३६।९३ आय भएको विवरण पेश गरेको छ । कार्यालयले सोही नियममा उल्लेख गरे वमोजिमको शिर्षकमा चालु खर्च रु.१,४९,२७,६८२।५८ गरेकोले कूल आयको ७५.५ प्रतिशत खर्च गरेको छ । जसवाट नियमले तोकेको सिमा भित्र रही खर्च गरेको देखिएन । कार्यालयको कर्मचारी लगायतको शिरोभार खर्चमा मितव्ययिता ल्याई प्रशासनिक खर्च कानूनको सिमा भित्र खर्च गर्न ध्यान दिनुपर्दछ ।
१६.	**मिन्हाः** *स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ मा आन्तरिक आय मिन्हा दिन सकिने* व्यवस्था छैन । भौ.नं७२ मिति २०७३।८।१५ वाट सवारी पार्किङ्ग शुल्क वापत आर्थिक वर्ष २०७२।७३ मा सम्झौता भई द सेभेन युथ क्लवले सवारी पार्किङ्ग शुल्क वुझाई सकेको अवस्थामा वन्द, नाकावन्दीको कारण, ठेक्का रकम, असुलीमा अवरोध भएको कारण देखाई दिएको निवेदनको आधारमा नगरस्तरिय राजश्व परामर्श समितिको निर्णय अनुसार रु.६३,४०८।- मिन्हा दिएको पाइयो । सम्झौता भई लिई सकेको रकम मिन्हा गरी फिर्ता दिएको रकम दिन पाउने आधार प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल हुनुपर्ने रु- ६३,४०८.००
१७.	**पेश्कीः** स्थानीय निकाय आ.प्र.सम्बन्धी नियमावली, २०६४ को नियम १९० वमोजिम पेश्की फछ्र्यौट हुनुपर्दछ । आर्थिक वर्ष २०७३।७४ को अन्त्यसम्म फछ्र्यौट हुन बांकी निम्नानुसार पेश्की रु.४,१९,५००।- देखिएकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु- ४,१९,५००.००

कार्यालयको नाम: धनकुटा नगरपालिका, धनकुटा

आर्थिक वर्ष: २०७३।७४

दफा नं.	भौ.नं., मिति र व्यहोरा

सि.नं.	गो.भा.नं.मिति	पेश्की लिनेको नाम	प्रयोजन	पेश्की बांकी	कैफियत
१	६५-२०७४/२/२५	त्रि विक्रम दाहाल	पानी विद्युत वापत	५००००.००	चालु तर्फ
२	१२७-२०७४/३/२७	श्री डम्वर रोगु	शहरी सुशासनको लागि वडाध्यक्ष र सदस्यहरुलाई अभिमुखिकरण कार्यक्रम	१०००००.००	चालु
३	७७-२०७३/८/२७	महेश प्रसाद श्रेष्ठ	वडाभेला संचालन	१६०००.००	चालु
		कृष्ण प्रसाद भण्डारी	वडा भेला संचालन	७५००.००	चालु
		राजु गुरागाई	वडा भेला संचालन	७५००.००	चालु
		त्रि विक्रम दाहाल	वडाभेला सन्चालन	१५०००.००	चालु
		डम्वर रोगु	वडाभेला संचालन	८५००.००	चालु
		उजिरमान राई	वडाभेला संचालन	१५०००.००	चालु
		तेज वहादुर थापा	वडाभेला संचालन	२२५००.००	चालु
		मात्रिका त्रिवारी	वडा भेला संचालन	२२५००.००	चालु
४	२४४-२०७४/३/२५	डम्वर रोगु	वडाअध्यक्ष र सदस्यलाई अभिमुखिकरण	१५५०००.००	पूंजीगत
		जम्मा:		४१९५००.००	

१८. **उपभोक्ता समिति सम्बन्धी**

१८.१. **अनुपातिक कट्टी:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत संचालित योजनाहरुमा सम्झौता अनुसारको योगदान भन्दा कम काम भएमा अनुपातिक कट्टी गरेर भुक्तानी दिनु पर्ने व्यवस्था भएकोमा यो वर्ष नगरपालिकासंग सम्झौता गरी निर्माण कार्य गरेको मध्ये नमूना छनौट परिक्षणवाट परिक्षण गरिएका फाइलवाट निम्नानुसार रु.१,८१,३३८।- उपभोक्ता समितिले सम्झौता भन्दा घटी कार्य गरेकोमा सम्झौता अनुसारनै खुद काम गरेको अनुपातमा रकम भुक्तानी गरेकोले वढी भुक्तानी दिएको रकम सम्बन्धितवाट असुल हुनुपर्ने रु- १,८१,३३८.००

योजनाको नाम	उपभोक्ता समिति	कूल लागत	सम्झौता अनुसार भुक्तानी गर्नुपर्ने	नगरपालिकाको अंश प्रतिशत	कार्य सम्पन्न	अनुपातिक कट्टी नगरी वढी भुक्तानी
श्रीमाने गोलाई लाकुरे कृषि सडक स्तरोन्नती	लाकुरे भिरगाउं कृषि सडक उ.स.	६१८४९३.००	४०००००.००	६४.६७	५४९२२६.००	४४८१५.००
गोठगाउं पातले खोला कृषि सडक स्तरोन्नती	गोठगाउं पातलेखोला कृषि सडक उ.स.	५७७१४९.९९	५०००००.००	८६.६३	५६०२६८.००	१२५६८.००

कार्यालयको नाम: धनकुटा नगरपालिका, धनकुटा आर्थिक वर्ष: २०७३।७४

दफा नं.	भौ.नं., मिति र व्यहोरा						
	मधुगंगा प्रा.वि हुदै मधुगंगा पिङडांडा सडक	मधुगंगा स्याउले ग्रा.स.उ.स	५८१०२५.००	५०००००.००	८६	५७४२०८.००	६१८२.००
	मार्गा खानेपानी	मार्गा खानेपानी योजना नि.उ.स	५८६३८८.००	५०००००.००	८६	५७४१४२.००	१४८३२.००
	हिले षडेश्वर भिरगाउं सेवाकेन्द्र मालवास विहिवारे सडक	हिले षडेश्वर भिरगाउं मालवासे विहिवारे सडक उ.स	५७४३२९८.००	४८००००.००	८४	५६१९२३५.००	७९८४३.००
	त्रिशुले चापे चोकोक हुदै स्याउली भिरगाउं सडक	त्रिशुले चापे चोकोक हुदै स्याउली भिरगाउं सडक उ.स	५६८९३५.००	५०००००.००	८७.८८	५६३८१९.००	४५१६.००
	राइ रोइला राय दियाले फुलादेवी सडक	राइ रोइला राय दियाले फुलादेवी ग्रा.उ.स	५६५३००.००	५०००००.००	८८.४८	४९७९६५.००	२०३५.००
	रुद्रवारी हांडीथुम्का राजारानी वेसी सडक	रुद्रवारी हांडीथुम्का राजारानी वेसी सडक उ.स	५८८२५६.००	५०००००.००	८५	५६८७६३.००	१६५४७.००
		जम्मा:					१८१३३८.००

१९. **आन्तरिक आय व्यवस्थापन:**

१९.१. **सम्झौता र असुली:** नगरपालिकाले ठेकेदारहरुसंग गरेको कवुलियतनामा तथा सम्झौता वमोजिम रकम असुल हुनुपर्दछ । नगरपालिकाले कवुलियतनामा र सम्झौतामा उल्लेख नगरी निम्नानुसार ठेकेदारलाई कवुल अंकमा छुट दिई रु.१,९४,९००।- घटी असुली तथा दाखिला गरेको पाइयो । कवुलियतनामा वमोजिम असुली नहुंदा रु.१,९४,९०० आय नोक्सान भएको देखिन्छ । तसर्थ कवुलियतनामा र सम्झौतामा अनुसार सम्बन्धितवाट निम्नानुसार असुल हुनुपर्ने रु. १,९४,९००.००

सि.नं.	ठेकेदारको नाम	ठेक्काको नाम	कवुलियत तथा असुली रकम	असुली रकम	घटी असुली
१	राजकुमार श्रेष्ठ ध.न.पा.७	सवारी शुल्क	१०६५०००.००	९५८५००.००	१०६५००.००
२	चन्द कुमार श्रेष्ठ	विहिवारे हटिया ठेक्का	४६५०००.००	४१८५००.००	४६४००.००
३	हिले हटिया वजार व्यवस्थापन समिति ध.न.पा १	हिले हटिया	४६००००.००	४१८०००.००	४२०००.००
	जम्मा:		१९९००००.००	१७९५०००.००	१९४९००.००

कार्यालयको नाम: धनकुटा नगरपालिका, धनकुटा	आर्थिक वर्ष: २०७३।७४

दफा नं.	भौ.नं., मिति र व्यहोरा
१९.२.	**हर्जना असुल:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार सम्झौता वमोजिमको किस्ता नवुझाएको सम्बन्धमा सुद समेत असुल गर्ने उल्लेख छ । विज्ञापन करवापत ठे.आकृति एड्भरटाईजिङ्गले आर्थिक वर्ष २०७२।७३ को आन्तरिक आय वापतको रु.७२,६००।- सम्झौता भन्दा १ वर्ष ढिला गरी वुझाएकोले ढिला वुझाए वापत नियमानुसारको १० प्रतिशत हर्जना असुल हुनुपर्ने रु- ७,२६०.००
१९.३.	**वक्यौता असुली:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम सम्झौता अनुसार तिर्नु वुझाउनु पर्ने रकम नवुझाएमा सरकारी बांकी सरह असुल हुनु पर्ने उल्लेख छ । निम्नानुसार ६ व्यक्ति तथा संस्थाहरुले भाडा वापत रु.६,३०,०९७।- वुझाउन बांकी देखिएकोले नियमानुसार सुद सहित सरकारी बांकी सरह असुल हुनुपर्ने रु- ६,३०,०९७.००

सि.नं.	ठेकेदारको नाम	विवरण	असुल गर्न बांकी
१	मोडल हस्पिटल प्रा.लि. प्रो. इन्द्रमणी पराजुली	व्यापारि कवल भाडा	४१७६१७.००
२	हाम्रो ओखतीघर प्रा.लि प्रो सितादेवी पराजुली	" "	१४१६८०.००
३	दिपक कुमार श्रेष्ठ	" "	३६३००.००
४	सम्वृद्धि वचत तथा ऋण स.स.लि प्रो. लोकेन्द्र खड्का	" "	१६५००.००
५	फुलमायां चौधरी	" "	८०००.००
६	धनकुटा व्याडमिन्टन क्लव अध्यक्ष केशरमान तुम्सा	वहुउद्देश्यीय भवन	१००००.००
	जम्मा:		६३००९७.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा
२०.	**एकिकृत सम्पत्ति कर:** यस नगरपालिकामा स्थानीय निकाय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली ,२०५६ वमोजिम एकिकृत सम्पत्ति कर विद्युतिय अभिलेख (सफ्टवेयर) मा राखेको पाइयो । लेखापरीक्षणको क्रममा २०६४।७२० मा परिक्षण गर्दा कूल करदाता १४५२१ जना रहेकोमा २०७३।७४ सम्म ७०१४ जनाले एकिकृत सम्पत्ति कर दाखिला गरेकोमा ७,४९० जनावाट कर तिर्न बांकी रहेको पाइयो । नगर क्षेत्र भित्रका करदाताहरुवाट सम्पत्ति खरिद विक्रीको अभिलेख अद्यावधिक नहुंदा र करदातालाई नगरपालिकाले दिने सेवासंग जोड्न नसक्दा वक्यौता असुलीमा असर पर्ने देखिन्छ । अभिलेख थप व्यवस्थित गरी तिर्न बांकी करदाताहरुसंग कर असुली गर्ने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।
२१.	**धरौटी तर्फ**
२१.१.	**धरौटी लेखा:** कार्यालयले स्थानीय स्वायत्त शासन ऐन, २०५५ वमोजिम नगर क्षेत्र भित्र घरनक्शा पास गर्ने प्रयोजनको लागि नगरवासिले राखेका धरौटी र निर्माण व्यवसायीहरुले रिटेन्सन वापत राखेको धरौटीको व्यहोरा खुल्ने गरी अलग अलग नाम नामेसी समेतको विवरण राख्नु पर्नेमा राखेको पाइएन । व्यक्तिगत धरौटी खातामा प्रयोजन खुलाई विवरण अद्यावधिक नराख्नाले घरनक्शा पास गरी तोकिएको मितिमा निर्माण सम्पन्न लिए नलिएको एकिन गर्न सकिने देखिंदैन ।

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	सेवाग्राहीले म्याद थप माग गरेको अवस्थामा वाहेक उक्त धरौटी सदरस्याहा गरी आम्दानी वांध्नु पर्नेमा स्पष्ट अभिलेखको अभावमा निर्माण सम्पन्न नगर्नेको धरौटीलाई आयमा ट्रान्सफर नगर्दा नगरपालिकाको आयमा असर पर्ने देखिन्छ । यसैगरी निर्माण व्यवसायीको व्यक्तिगत अभिलेख राखी धरौटीको विवरण तयार नहुंदा धरौटी दायित्व एकिन गर्न नसकिने, प्रयोजन समाप्त नहुँदै धरौटी फिर्ता हुने जस्ता जोखिम रहेकोले धरौटीको प्रयोजन खुल्ने गरी धरौटीको लेखा व्यवस्थामा सुधार हुनुपर्दछ ।
२१.२.	**हिसाव समायोजनः** धरौटीको स्रेस्ताको मौज्दात र वैंक हिसाव विवरण फरक परेमा हिसाव समायोजन हुनुपर्दछ । कार्यालयको स्रेस्ता अनुसारको धरौटी बांकी रु.७३,६६,२२७।८५ रहेकोमा वैंकमा रु.७४,८३,५५०।१० रहेको छ । स्रेस्तामा भन्दा वैंकमा रु.१,१७,२२२।२५ वढी देखिएको सम्बन्धमा हिसाव भिडान गरी आम्दानी वांध्नु पर्ने देखिन्छ ।
२२.	**अनुगमन परिक्षणः** लेखापरीक्षणवाट औंल्याएका व्यहोराहरु कार्यान्वयन हुनुपर्दछ । गत विगतको लेखापरीक्षणवाट औंल्याएका मध्ये कार्यान्वयन नभएका मुख्य व्यहोराहरु निम्नानुसार छन्: ▪ नगरपालिकाको गुरुयोजना निर्माण तथा अद्यावधिक नभएको, ▪ जिन्सी व्यवस्थापन सम्बन्धी सुझाव कार्यान्वयन नभएको, ▪ नगर विकास कोषसंगको सम्झौता अनुसार नगरपालिकाले तिर्नुपर्ने दायित्व देखिने गरी हिसाव दुरुस्त नराखेको ।
२३.	**वेरुजू लगतः** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार वेरुजूको लगत राख्ने काम सम्बन्धित निकायको हुने उल्लेख छ । यस नगरपालिकाको स्थापना हुनु पूर्व छुट्टै अस्तित्वमा रहेका गा.वि.सहरुको पेश्की बांकीको विवरण र वेरुजू विवरण प्राप्त नभएकोले वेरुजूको लगत एकिन गर्न सकिएन । नगरपालिका तर्फ प्राप्त विवरण अनुसार ११ जनाको नाउंमा फछ्र्यौट हुन बांकी वेरुजू रु.२८,३१८।- मध्ये ले.प.को क्रममा प्रमाण पेश भई आ.व.२०७२।७३ को त्रिविक्रम दाहालको नामको वेरुजू रु.१,०३१।- सम्परीक्षण गरिएको छ । अतः साविक गा.वि.स समेत नगरपालिकाको गत विगतको फछ्र्यौट हुन बांकी वेरुजूको लगत अद्यावधिक कायम गरी फछ्र्यौट गर्नु पर्दछ । लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार फछ्र्यौट हुन बांकी वेरुजू निम्नानुसार रहेको पाइयो ।

सि.नं.	वेरुजू हुनेको नाम	वेरुजू भएको आ.व	वेरुजू रकम	कैफियत
१.	भैरव बहादुर श्रेष्ठ	२०३९/४०	१९३५.००	विना आधार भुक्तानी असुल हुनुपर्ने
२.	भक्त वहादुर थापा	२०४६/४७	४९८.००	वढी यातायात खर्च असुल हुनुपर्ने
३.	रोहित प्रसाद दाहाल	२०४७/४८	७३००.००	नियम विपरित भुक्तानी
४.	नेत्र वहादुर श्रेष्ठ	२०५०/५१	६५०.००	दोहोरो दैनिक भ्र.भ असुल हुनेपर्ने
५.	लैनसिंह राई	२०५०/५१	६५०.००	दोहोरो दैनिक भ्र.भ असुल हुनेपर्ने
६.	सूर्य प्रसाद दवाडी	२०५०/५१	६५०.००	दोहोरो दैनिक भ्र.भ असुल हुनेपर्ने
७.	गंगा वहादुर राई	२०५८/५९	२००१.००	नियम विपरित भुक्तानी
८.	योगेन्द्रराज श्रेष्ठ	२०५८/५९	५०१.००	नियम विपरित भुक्तानी

कार्यालयको नाम: धनकुटा नगरपालिका, धनकुटा 　　　　　　　　　　आर्थिक वर्ष: २०७३।७४

दफा नं.	भौ.नं., मिति र व्यहोरा				
	९.	कल्पना श्रेष्ठ	२०५८/५९	५०१.००	नियम विपरित भुक्तानी
	१०.	डम्वर वहादुर रोगु	२०७२/७३	१२६०१.००	कर दाखिला नगरेको
		जम्मा:		२७२८७.००	

स्रोत उपयोग र उपलब्धिको विवरण

क्र.सं.	स्रोत		मुख्य उपलब्धिहरु	
१	यस वर्षको आम्दानी	२४९३९५४५६.१७	बजेट खर्च	१९६०१३०८४.०९
२	कर्मचारी संख्या ३८	स्थायी जना २९ जनप्रतिनिधि	स्थानीय तहको आम्दानी	२०७६३७००.५२
३	भौतिक पूर्वाधार:		धरौटी आम्दानी	३७३३६२९.५५
	• भवन संख्या	नभएको ४	कार्यक्रम उपलब्धि	
	• सवारी साधन संख्या	९ (मोटरसाईकल समेत)	• पञ्जिकरण कार्य, सिफारिस, नगर स्वास्थ्य	सख्या नखुल्ने

बेरुजू वर्गीकरण

क्र.सं.	बेरुजू वर्गीकरण	दफा नं.	रकम
१	असुल गर्नुपर्ने	१२,१६, १८.१, १९.१, १९.२, १९.३,	१६१४८४९.१६
२	नियमित गर्नुपर्ने		
	• अनियमित भएको	१०, ११	१३१४४६५.००
	• प्रमाण कागजात पेस नभएको	१३	१५००००.००
	• जिम्मेवारी नसारेको		
	• शोधभर्ना नलिएको		
३	पेश्की:	१७	४१९५००.००
	• कर्मचारी		
	• मोबिलाइजेसन		
	• प्रतीतपत्र		
	• संस्थागत		
४	सैद्धान्तिक	१, २, ३, ४.१, ४.२, ५, ६, ७, ८, ९, ९.१, १४.१, १४.२, १४.३, १५, २०, २१.१, २१.२, २२, २३	